# विद्यार्थीसँग अध्यक्ष कार्यक्रमबाट प्राप्त शिक्षा



मंसिरको तेस्रो साता, लिबाङ बजारलाई विदाइ गर्दै घामका किरणहरू आर्मी व्यारेकतिर उकाली लाग्दै थियो । कार्यालय समयपछि क्रमश कर्मचारीहरूको भीड भट्ट होटल अगाडि देखिन थाल्यो, पुन: विस्तारै त्यो भीड हराउँदै गयो, सायद बढ्दै गरेको चिसोले गर्दा हुनसक्छ । मलाई पनि चिसोले थुरथुर पारिरहेको थियो, अध्यक्षज्यूको कार्यक्रम नसकिएकोले म अध्यक्षज्यूकै प्रतीक्षामा थिए । करिब ५ बजेतिर अध्यक्षज्यूको कार्यक्रम सकियो र हामी पनि लिबाङ बजारलाई विदाइ गर्दै उकाली लाग्यौ । गाडीभित्र मधुरो स्वरमा गीत बजिरहेको थियो । शिवले गाडी आफ्नै रफ्तारमा हुँइकाइरहनुभयो । गाडीका सबै सिसाहरु पूर्णरुपले बन्द गरेर होला शरीर थुरथुराउनबाट विस्तारै कम भइरहेको थियो ।

दिनभरिको कार्यक्रमले होला अध्यक्षज्यू अलि थकित देखिनुहुन्थ्यो । शिक्षा इकाइ नजिकै पुग्दा दिनभरि भएका कार्यक्रमको गतिविधि हामीलाई सुनाउन थाल्नुभयो । हामीले सुन्दै गयौं सुन्दै गर्दा साद्दोबाटो पुगेको पत्तै भएन गाडि विस्तारै ओरालि लाग्यो कार्यक्रमबारे अध्यक्ष ज्यूले भनेपछि मपनी कार्यक्रममा सहभागी भएजति केही कुरा वुझ्ने अवसर प्राप्त भयो ।

हामी हाम्रो गाउँपालिका क्षेत्रभित्र प्रवेश गरिसकेका थियौं । बाटोमै पर्ने चन्द्र प्रभा मावि नजिकै पुग्दा अध्यक्षज्यूले, ''आशिषजी अब तपाइले एस.ई.ई. तयारीमा रहेका विद्यार्थीहरूसँग अन्तर्क्रिया कार्यक्रमको टाइम मिलाउनु पर्‍यो । अब म विद्यार्थीसँगै बसेर एउटा कक्षा पनि लिन्छु अनि शिक्षकहरूसँग अन्तक्रिया गर्छु, मलाई अघिल्लो वर्षको रिजल्ट अलि चित्त बुझेको छैन त्यसैले रिजल्ट राम्रो लिनका लागि भए पनि यो कार्यक्रम गर्नुपर्छ, कार्यक्रमबारे तपाइलाई यति जानकारी गराएँ । कहाँ, कुन स्कूल कहिले अनुगमन गर्नुपर्छ । अन्य कार्यक्रमलाई प्रभाव नपर्ने गरी समय तालिका भोलि साँझसम्म मलाई उपलब्ध गराउनुस् र कुन विद्यालयको घण्टी कति बजे रहेको छ ? त्यो पनि शिक्षा शाखा प्रमुख केशवराज पोख्रेलसँग समन्वय गरी मलाई जानकारी गराउनुस् र शिक्षा शाखा प्रमुखलाई यो विषयमा छलफलका लागि तयारी हुन भन्नुस् अलि व्यापक छलफल गरी कार्यक्रम प्रभावकारी बनाउने र अघिल्ला वर्षका रिजल्टलाई तोड्दै अगाडि बढ्नुपर्छ ।'' अध्यक्षज्यूले निर्देशन गर्नुभयो र हामी पनि त्यही गफगाफमामै सुलिचौर पुगेकै पत्तै भएन ।

म अध्यक्षज्यूको व्याग र डायरी हातमा लिएर गाडीबाट ओर्लिएँ । अध्यक्षज्यू अगाडि अगाडि, म पछाडि पछाडि लागेर सिधैं अध्यक्षज्यूको कार्यकक्षमा पुग्यौं । अध्यक्षज्यूसँग भेटघाट गर्नेको घुँइचो थियो । भेटघाटका लागि चिया र व्यवस्थापनसँगै अध्यक्षज्यू भेटघाटमा लाग्नुभयो म भने शिक्षा शाखा प्रमुख सरसँग छलफलमा जुटें । अध्यक्षज्यूको त्यो योजना सुनिसकेपछि सरलाई पनि चित्त बुझेर होला तत्काल ८ वटै माध्यामिक विद्यालका प्रध्यानाध्यापकहरुसँग फोन

गरी पढाइ हुने समय तालिका उपलब्ध गराउनुभयो र कार्यक्रमको बारे अझै बढि सक्रियता देखाउनुभयो । मैले पनि कार्यक्रमको तालिका बनाई सोही दिननै अध्यक्षज्यूलाई उपलब्ध गराएँ । कार्यक्रमको बारे शिक्षा शाखा प्रमुखले पनि केही सुझावहरू दिनुभयो र हामी ३ जनानै संयुक्तरुपमा अनुगमन गर्न जाने निर्णय भयो । पहिलो दिन विद्यार्थीसँग अध्यक्ष कार्यक्रम त्रिपुरेश्वरी माध्यामिक विद्यालय खुङ्ग्री रोल्पाबाट सुरुवात् गर्ने योजना बन्यो र सोहीअनुसार कार्यक्रमहरु निरन्तर चली नै रह्यो ।

सुरुसुरुमा अनुगमन भएका विद्यालयहरूमा अध्यक्ष स्वयम् विद्यार्थीसँग बसेर पढेको देख्दा अचम्मित पनि हुनुभयो भने कति शिक्षकहरु पढाउन नर्मस हुनुभयो विद्यार्थीहरु पनि त्यतिधैरै खुलेर बोलेनन् । कार्यक्रम निरन्तर भइरहँदा पछिपछि अनुगमन भएका विद्यालयहरुमा हामी पुग्दा सरहरुले आफै भन्न थाल्नुभयो अध्यक्षज्यूको कार्यक्रमअनुसार नै आउनुभएको होला जाउँ कक्षा कोठामा भन्न लाग्नुभयो । सरहरुले पनि ढुक्कसँग पढाउने र विद्यार्थीहरु पनि छलफलमा बढि भाग लिएको पाइयो । कार्यक्रमको दौरानमा धैरै समय र बढि छलफल भने चन्द्र प्रभा माध्यामिक विद्यालय मिझिङका विद्यार्थीहरुले गरेका थिए भने अन्य विद्यालयहरूमा सामान्य नै रह्यो ।

विद्यार्थीसँग अध्यक्ष कार्यक्रमबाट अनुगमन टिमलाई पनि धैरै शिक्षा प्राप्त भयो । विद्यार्थीहरूको बास्तविक समस्याहरू नजिकबाट बुझ्न सकियो, आउने दिनहरुमा शिक्षासम्बन्धी कार्यक्रम बनाउँदा विद्यार्थीकै पक्षमा बनाउने कार्यक्रम सहज हुने भएको छ । विद्यार्थीहरूको असिमित समस्या हुँदाहुँदै पनि खुलेर समस्या राख्न नसकेका कुराहरुले कतै मन नरमाइलो लाग्ने गर्दथ्यो । मावि हरिगाउँमा विद्यार्थीसँग भएको करिब १ घण्टाको छलफलपछि बाहिरिएका हामी पछि तिनै विद्यार्थीहरुले विद्यालयको प्राङ्गनमा मसँग एक्लै लामो समयसम्म कुराकानी गरे । कुरा गर्दैगर्दा रोल्पा नगरपालिका ५ निवासी बहिनी रेखा बुढाथोकीले आफ्नो साथीको समस्या राख्दै गर्दा आखाँबाट आँसु नै झारिन् र भनिन् ''सर जसरी भए पनि उनीहरुलाई विद्यालय आउने वातावरण मिलाइदिनुस् न है ।'' सुरुमा त मैले उनी त नगरपालिकाका भएकाले नगरपालिकासँग यो बारेमा राख्नुस् न भने । जवाफमा भनिन् सर उनी नगरपालिकाको बासिन्दा भए पनि पढ्ने त यही हो नि उन्ले भनिन् म झसङ्ग भएँ र भने हुन्छ तिम्रो यो कुरा म हाम्रो अध्यक्षज्यूलाई पनि भन्छु नगरपालिकामा मेयरसापसमक्ष पनि पुर्‍याउँछु र तिमीलाई खबर गर्छु है मैले उनलाई भनैं, उनले पनि हुन्छ सर भनिन् र त्यो भीड क्रमशः कम भयो म सरहरूसँगको छलफलमा सहभागी भएँ ।

साँझ हामी गाउँपालिकामा कार्यक्रमको समीक्षा हुँदै गर्दा ती नानीका सबै कुरा अध्यक्षज्यू समक्ष राखैं । अध्यक्षज्यूले तत्कालै विद्यालयका प्रध्यानाध्यापक कमलराज भट्टराईलाई फोन गरी ती नानी बाबुहरूलाई भोलिदेखि स्कूल आउने भन्नुस् ट्यूसन फि विद्यालयको तर्फबाट नलिने व्यवस्था मिलाउनुस् भन्नुभयो र सरले पनि सहजै स्वीकार गर्नुभयो ।

आशिषजी ल तपाईले नानीलाई फोन गरेर भोलिबाटै ती नानी बाबु स्कूल आउन भन्नुस् आवश्यक पर्ने सामग्रीहरु सब गाउँपालिकाबाट व्यवस्थापन गरौला भन्नुभयो । सोहिअनुसार मैले नानीलाई खबर गरेँ भनेँ नानी तिमीले भनेका नानीबाबुलाई भोलिदेखि नै स्कूल आउने भन अध्यक्षज्यूले स्कूलको हेड सरलाई फोन गरेर भन्नुभएको छ । हेड सरले ट्यूसन सञ्चालनमा रहेको छ ट्यूसन पढ्ने हो भने पनि फि नलिने बताउनुभएको छ उनीहरुको ड्रेस किताव कापि डटपेन र पढाइमा लाग्ने खर्च सबै गाउँपालिकाबाट व्यवस्था गर्ने अध्यक्षज्यूले घोषणा गर्नुभएको छ । मैले नगरपालिकामा मेयर सापको प्रेस संयोजकलाई जानकारी गराएको छु, नगरपालिकाले पनि केही सहयोग गर्नुहुन्छ होला ।नानी खुसी हुँदै धन्यवाद भनिन् ।

मावि गजुलमा शिक्षकहरुसँग भएको छलफलमा स्वास्थ्य तथा जनसंख्या पढाउने मेडमले भन्नुभयो,, ''सर हाम्रा नानीहरु महिनावारी हुँदा विद्यालय छोड्ने क्रम बढी छ त्यसको लागि विद्यालयमा सेनेटरी प्याडको व्यवस्थापन हुन पाए राम्रो हुने थियो ।' जवाफमा अध्यक्षज्यूले 'यो विषयमा म केही सोचौँला भन्नुभयो । सायद त्यो जवाफले मेडमलाई चित्त नबुझेन होला । त्यतिधेरै खुसी देखिनुभएन । त्यसको २ दिनपछि कार्यालयको बैठकबाट अध्यक्षज्यूले उक्त समस्याको समाधानका लागि सेनेटरी प्याड किनेर वितरण भन्दा सेनेटरी प्याड निर्माण गर्न तालिम दिनुपर्ने र आवश्यक कच्चा पदार्थहरु सबै वडाहरूमा उपलब्ध गराउने उद्देश्यले आवश्यक बजेट विनियोजन गर्नुभयो ।

अन्य कक्षामा पढ्ने विद्यार्थीहरूले पनि १० कक्षामा पढ्ने विद्यार्थीजस्तै अध्यक्षज्यूसँग छलफल गर्ने रे । मावि खुङ्ग्रीमा अध्ययनरत कक्षा ८ र ९ का विद्यार्थीहरूले संयुक्त रुपमा प्रध्यानाध्यापक समीक्षा बुढाथोकीलाई भनेछन्, ''हामी हाम्रो गाउँपालिका अध्यक्षसँग संवाद गर्न चाहन्छौँ । त्यसको समयको व्यवस्था मिलाईदिनु पर्‍यो ।'' मेडमले जानकारी गराउनुभयो, केही दिन अध्यक्षज्यू मन्त्रालयको कामकाजले काठमाडौँतिर हुनुभएकोले समय व्यवस्थापन गर्न सकिएको छैन । अध्यक्षज्यू काठमाडौँबाट फर्किसकेपछि विद्यार्थीसँग संवाद कार्यक्रमको समय तालिका सार्वजनिक गर्नेछौ ।

कार्यक्रमलाई अझै राम्रो र प्रभावकारी कसरी बनाउने भन्ने विषयमा अध्यक्षज्यू सधैँ चिन्तितनै हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, ''शिक्षा क्षेत्रमा सहयोग गर्नेहरूको हातहरू अझै थपिए हुन्थ्यो । देश हाक्ने नेता जन्माउने रोल्पाले शिक्षा क्षेत्रबाट पनि देशको माथिल्लो तहसम्म कर्मचारी जन्मेको रोल्पा बनाउने ठूलो रहर छ ।''

**आशिष भारद्वाज**

**प्रेस संयोजक : सुनिलस्मृति गाउँपालिका, सुलिचौर रोल्पा**